अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८१।१२।३१ गते।

प्रेस विज्ञप्ति

विषयः प्रतिवादी अभिनय पाठकसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, सौराहा सेक्टरका **तत्कालीन सहायक संरक्षण अधिकृत अभिनय पाठक** समेतका प्रतिवादीहरु उपर चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र खैरहनी नगरपालिका र कुमरोज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको संयुक्त लगानीमा मचान निर्माण गर्न भनी लिइएको अनुमति वेगर राष्ट्रिय निकुञ्जको कोर एरियाभित्र निकुञ्जको वातावरणलाई प्रतिकुल असर र वन्यजन्तुलाई हानी नोक्सानी हुनसक्ने गरी होटल लजको आकारको ठुलो कंक्रिट पक्की व्यवसायिक भवन निर्माण गरी खैरहनी नगरपालिका तथा उपभोक्ता समुहको कोष समेतको रकम प्रयोगविहिन भवन निर्माणमा प्रयोग गरी सरकारी सम्पत्ती हानी नोक्सानी गरेकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूरमा रु.३१,५९,७३५।- बिगो कायम गरी सोही दफाले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (छ) बमोजिम कैद र दफा ३ (१) बमोजिम जरिबानाको सजाय गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतले मिति २०८१।०३।१८ को फैसलाबाट सफाई दिएकोमा उपरोक्त फैसलाउपर मिति २०८१।१२।३१ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल